पृष्ठ १ को बाँकी

यसरी छानौं...

त्यसैले स्नातक तहमा धेरै संकायले खासखास विषयको अध्ययन गरेकालाई मात्र प्रवेश दिने व्यवस्था गरेकाले कक्षा ११मा भर्ना हुँदा आफूले उच्च माध्यमिक तह पूरा गरेपछि स्नातक तहमा कुन कुन विषय अध्ययन गर्न पाइनेछ भन्ने बारेमा शिक्षकसित सल्लाह गर्नु बढी राम्रो हुनेछ। शिक्षाविद् प्राडा विद्यानाथ कोइराला विद्यालय छनोट गर्दा सो विद्यालयको परफरमेन्सको आधारमा भर्ना हुन आग्रह गर्नुहुन्छ।

कहाँ, कस्तो विद्यालय छनोट गर्ने भन्ने विषय विद्यार्थीको चाहनामा भर पर्छ। तर कसैको लहडको आधारमा विद्यालय छनोट गर्नु गलत हुने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'अभिभावकको सल्लाह लिनु, आफूले अध्ययन गरेका विद्यालयको शिक्षकसँग सल्लाह लिएर मात्रै विद्यालय छनोट गर्नु। सकभर विद्यालय छनोट गर्दा विद्यालयको विगतको अध्ययन र वर्तमानको अवस्थाबारे जानेर मात्रै भर्ना हुनु। विद्यार्थीका लागि कुन संकाय उपयुक्त हो भन्ने कुरामा परामर्श दिनु आफैमा एक विशेषज्ञता मानिन्छ।' प्रभावकारी शिक्षा प्रणाली भएका देशहरूका विद्यालयमा विद्यार्थीलाई उच्च अध्यनको संकाय छनोटमा परामर्श दिन छुट्टै विशेषज्ञ शिक्षकको व्यवस्था हुन्छ। नेपालमै पनि केही राम्रा निजी विद्यालयले विद्यार्थीलाई परामर्श दिने गरका छन्। तर अधिकांश माविहरूले आफ्ना छोराछोरीको चाहनाअनुसार भर्ना गरेको पाइन्छ। क्षणिकरूपमा त्यो ठीक भए पनि कालान्तरमा असर पर्ने भएकाले ठोस परामर्शको आधारमा भर्ना हुनु महत्त्वपूर्ण हुन्छ। स्नातक तहमा कुनै विषयमा विशिष्टीकरण (स्पेसिलाइजेसन) गर्नुपर्ने हुने भएकाले प्लसटुमा इच्छाधीन विषय छनोट गर्दा बुद्धि पुऱ्याउनु जरुरी छ। विद्यालयतहमा पहिलो वर्ष अर्थात् कक्षा ११ मा नेपाली र अंग्रेजी अनिवार्यबाहेक इच्छाधीनका रूपमा तीनवटा विषय छनोट गर्न पाइन्छ।

विभिन्न ६ वटा समूह विभाजन गरिएको छ र तीमध्येबाट कुनै तीनवटा विषय छनोट गर्नुपर्ने हुन्छ। यो वर्षसम्म कक्षा ११ र १२ मा ५७ वटा विषयका पाठ्यक्रम लागू गरेको छ। भौतिकशास्त्र, प्राणीशास्त्र, रसायनशास्त्र, होटल व्यवस्थापन, इतिहास, भूगोल, संस्कृति, अर्थशास्त्र, संगीत, कृषि, गृहविज्ञान, आमसञ्चार, ग्रामीण विकास, गणित, वाणिज्य शिक्षा, सहकारी व्यवस्थापन, राजनीतिशास्त्र, जनसंख्या शिक्षा, कम्प्युटर शिक्षा, ज्योतिष, साहित्य, पेन्टिङलगायतका विषय छनोट गर्न सकिन्छ।

भाषा विषयहरूका रूपमा अंग्रेजी, हिन्दी, मैथली, नेवारी, जर्मन, जापानी, उर्दू, फ्रेन्च र नेपालीको पाठ्यक्रम तयार छ।

छनोट गर्ने विषय

विज्ञान

डाक्टर, इन्जिनियर, पाइलट बन्ने इच्छा कसलाई हुँदैन र? विज्ञान विषय पढेर भविष्यमा होनहार व्यक्ति बन्छु भन्ने विद्यार्थीले विज्ञान विषय पढ्ने गरेका छन्। विज्ञानको अध्ययनले चारैतिरको अवसर पाइन्छ। कृषि, वनविज्ञानजस्ता विषय पढ्न चाहने विद्यार्थीले कक्षा ११ मा विज्ञान विषय नै पढ्नुपर्छ। स्वदेशमा भन्दा विदेशमा बढी सम्भावना भएकै कारण विद्यार्थीहरु डाक्टर, इन्जिनियर, पाइलट बन्ने लोभमा विज्ञान विषय पढ्न चाहन्छन्। विज्ञान विषय पढ्ने विद्यार्थीले सजिलै रोजगारको अवसर पाउने भएकाले पछिल्लो समयमा सो विषयप्रति आकर्षण बढ्न थालेको छ। सरकारीभन्दा निजी उमाविमा विज्ञान विषय पढ्नेको संख्या बढेको परिषद्का प्रवक्ता नारायण कोइरालाले बताउनुभयो।

व्यवस्थापन

हरेक तहमा उचित व्यवस्थापन अभावमा कतिपय काम लथालिंग भएका हुन्छन्। व्यवस्थापकीय कमजोरीका कारणले गर्दा उद्योगधन्दा धराशयी बन्दै गएको छ। व्यवस्थापन विषयको अध्ययनविना कुशल व्यवस्थापक हुन सम्भव छैन। त्यसैले त अहिले व्यवस्थापन पढ्ने विद्यार्थीको संख्या बढ्न थालेको छ। परिषद्ले सञ्चालन गरेको विषयमध्ये शिक्षापछि सबैभन्दा बढी विद्यार्थीको चाप व्यवस्थापन संकायमा हुन थालेको छ र एसईईपछि अधिकांश विद्यार्थी व्यवस्थापन विषय पढ्न रूचि राख्छन्। बैंक, होटल म्यानेजमेन्ट, कम्प्युटर साइन्स, प्रशासकलगायत क्षेत्रमा उत्कृष्ट अवसर पाउने आसमा विद्यार्थीले व्यवस्थापन विषय पढ्न थालेका छन्। सैद्धान्तिक र व्यावहारिक दुवै विषयको मिश्रण भएकै कारण अधिकांश उमावि र कलेज प्रायः सबै सरकारी र निजी उमाविले व्यवस्थापन विषय अध्ययन गराउने गरेका छन्। व्यवस्थापनअन्तर्गत अर्थशास्त्र, एकाउन्टेन्सी, होटल म्यानेजमेन्ट, कम्प्युटर गणित, फाइनान्सको कोअपरेटिभ म्यानेजमेन्ट र ग्रामीण विकास, बुम र ओएमएसपी हटाएर बिजिनेस म्यानेजमेन्ट समावेश गरी पाठ्यक्रम तयार गरेको छ।

मानविकी

मानविकी संकाय तुलनात्मकरूपमा व्यावहारिक र ज्ञानवर्द्धक हुन्छ। दर्शनशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, कला, साहित्यजस्ता दर्जनौं विषयको अध्ययन गर्न सकिने मानविकी संकायमा झन्डै चार दर्जन विषय रहेका छन्। गृहविज्ञान, समाजशास्त्र, आमसञ्चार, इतिहास, धर्म संस्कृति, भूगोल, वातावरणलगायत विषय समावेश गरिएको मानविकीअन्तर्गत अंग्रेजी, फ्रेन्च, उर्दू, जर्मन, जापानिज, हिन्दीजस्ता विषयसमेत समावेश गरिएको छ।

शिक्षा

विशेष गरी शिक्षण पेसासँग सम्बन्धित शिक्षा संकायअन्तर्गत इच्छाधीन र अनिवार्य गरी १ हजार पूर्णाङ्क परीक्षा दिनुपर्छ। इच्छाधीनका ४५ विषयमध्ये ७ र अंग्रेजी, नेपाली इच्छाधीनमध्ये एक विषय छनोट गर्नुपर्छ। विज्ञान तहमा पढ्ने विद्यार्थीले कक्षा ११ मा फिजिक्स, केमेस्ट्री, बायोलोजी र म्याथम्याटिक्स विषय अनिवार्य पढ्नै पर्छ। विशेषतः प्राविधिक र प्रयोगात्मक विषय भएकाले नै विज्ञान तहमा पढ्ने विद्यार्थीले स्वदेश र विदेशमा राम्रो अवसर पाउँछन्। यी त भए विद्यार्थीले पढ्ने विषयहरु तर कुन विषयमा कतिको डिमान्ड छ भन्ने कुरा विद्यार्थी स्वयंले मूल्याङ्कन गर्नुपर्छ।

तीमध्ये जापानी र फ्रेन्चमा भने हालसम्म कुनै शिक्षण संस्थाले पठनपाठन गरेको छैन। कक्षा १२ मा विज्ञान विषय लिएका विद्यार्थीबाहेकका लागि इच्छाधीन चौथो विषयका रूपमा १७ वटा विषय पनि समावेश छ। तीमध्ये मार्केटिङ, साधारण गणित, साधारण विज्ञान, सामाजिक शिक्षा, ग्रामीण अर्थशास्त्र, खाद्य र पोषण, कलाको इतिहास, प्राथमिक शिक्षा, प्रयोगात्मक शिक्षा, विशेष आवश्यकता शिक्षा, संस्कृत व्याकरण र रचनालगायतका विषयमध्येबाट एउटा छनोट गर्नुपर्ने हुन्छ।

सबैभन्दा बढी शिक्षाशास्त्र विषयमा अध्यापन गर्ने, दोस्रोमा व्यवस्थापन, तेस्रोमा मानविकी र चौथोमा विज्ञान विषय अध्यापन गर्ने शिक्षण संस्था सञ्चालित छन्। निजी उमाविमा विद्यार्थी संख्याका आधारमा व्यवस्थापन विषय पढ्ने बढी छन् भने सामुदायिक विद्यालयहरूमा शिक्षाशास्त्र विषय पढ्ने विद्यार्थीहरू सबैभन्दा बढी छन्।

खर्च कति?

सबैभन्दा कम खर्च शिक्षाशास्त्र र मानविकी विषय अध्ययनमा लाग्ने गर्दछ। विज्ञान र प्राविधिक विषय सबैभन्दा खर्चिलो पढाइ हो। विषय छनोट गर्दा विद्यार्थीले आफ्ना अभिभावकको आर्थिक हैसियतका बारेमा पनि विचार गर्नुपर्दछ। हुन त छात्रवृत्तिको व्यवस्था पनि छ। त्यसले गर्दा आर्थिकरूपमा विपन्न विद्यार्थीले छात्रवृत्ति पाएर विज्ञान वा प्राविधिक विषय अध्ययन गर्न पाइरहेका पनि छन्।

निजी कलेजमा अध्ययन गर्न बढी खर्चिलो छ। सामुदायिक कलेजमा भने कम खर्च भए पुग्छ। उच्च माध्यमिक तहको अध्ययन गर्दा निजी विद्यालयमा १ लाखदेखि २ लाख रुपियाँसम्म (दुई वर्षको) खर्च लाग्छ भने सामुदायिकमा अध्ययन गर्दा दुई वर्षभरि सरदर ४० हजार रुपियाँ भए पुग्छ। व्यवस्थापन विषयमा अध्ययन गर्दा निजी विद्यालयमा सरदर ६० हजारदेखि १ लाख २० हजार रुपियाँसम्म, मानविकी विषयका लागि ५० हजारदेखि ९० हजार रुपियाँसम्म र शिक्षाशास्त्रका लागि ५० हजारदेखि ७० हजार रुपियाँसम्म खर्च लाग्छ। जबकि सामुदायिक विद्यालयमा अध्ययन गर्ने हो भने व्यवस्थापन, मानविकी र शिक्षाशास्त्रमा दुई वर्षका लागि सरदर ३० हजार रुपियाँले धान्छ।

PEOPLE'S CAMPUS
"Dedicated to Quality Education for all at Affordable Cost"
37 GLORIOUS YEARS OF ACADEMIC EXCELLENCE
The Recipient of Nepal Chamber of Commerce Shield for Nine times for outstanding results in Management Education
Opens Admissions for
CLASS-XI
In
Management
Outstanding Results in T.U. and NEB Examination since 2038 in different academic programs.
Scholarships Available for Deserving Students
(also with Hotel Management and Computer Science)
OTHER ACADEMIC PROGRAMS:
MBS, BBA, BBS, BBM (Proposed)
For Details Contact:
People's Campus
Paknajol, Kathmandu, Tel. No.: 4251412, 4251990
E-mail:pcampus@wlink.com.np, www.peoplecampus.edu.np